# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
निजगढ,बारा

२०७३

## सवारी साधन (स्काभेटर) भाडामा लिने सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मिति २०७४।१२।०२ गते

यस कार्यालयलाई आ.ब. २०७४।२०७५ को आषाढमसान्त सम्मका लागी हेवी इक्यूपमेन्ट थान-४ चार (स्काभेटर २०० देखी २२० पावर भएको २००० घण्टा भन्दा माथी नचलेको) घटीमा ३० दिनको भाडामा लिनको लागी सिलवन्दी दररेट माग गर्ने निर्णय भएको हुदां निम्न शर्तहरुको अधिनमा रहि रितपुर्वकको कागजातहरु सहित इच्छुक फर्म, कम्पनी तथा सवारी धनीहरुले सिलवन्दी दररेट पेश गर्नु हुन यो सुचना प्रकाशीत गरीएको छ ।

तपसिल

१) प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र वा मिति २०७४।१२।१६ गते कार्यालय समय भित्र सम्वन्धित फर्म, कम्पनी वा सवारी धनीले आफनो कागजातको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालयबारावाट फिर्ता नहुने गरी नगदै रु १,०००।- एक हजार मात्र बुझाई सिलवन्दी दररेट फाराम खरीद गर्न सकिनेछ ।

२) सिलवन्दी दररेट फाराम मिति २०७४।१२।१७ गते १२ वजे भित्र दर्ता गरी सक्नू पर्नेछ । उक्त सिलवन्दी दररेट फाराम सोही दिन कार्यालय समय भित्र खोलीने छ । सिलवन्दी दररेट पत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलवन्दी दररेट उल्लेख गर्दा प्रति घण्टा भाडा दर (कर वाहेक) उल्लेख गर्नु पर्ने छ । दररेट उल्लेख गर्दा अनिवार्यरुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खूलाइएको दररेटलाई मान्यता दिइनेछ ।

४) सवारी साधन उपलव्ध गराउदा चालक, इन्धन, मर्मत खर्च, आवश्यक पर्ने मोविल, ग्रीज, हाइड्रोलीक आयत तथा आवश्यक पर्ने सबै सवारी साधनलाई आवश्यक पर्ने सामानहरु सवारी धनी आफैले अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

५) सवारी साधन सन्चालन गर्दा कार्यालयले अन्य थप सुविधाहरु उपलव्ध गराउने छैन । अन्य कुराहरु करारमा उल्लेख भए अनुसार हुनेछ ।

६) एक पटक पेश भएको सिलवन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन ।

७) सिलवन्दी दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

८) फर्म, कम्पनी तथा व्यक्तिले भाडा दर उल्लेख गर्दा जिल्ला दर रेट भन्दा वढी उल्लेख गर्न पाईने छैन ।

९) चालकले कम्तीमा ५ वर्ष काम गरेको अनुभवको प्रमाण पेश गर्नु पर्ने छ ।

१०) माथी उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४र प्रचलित ऐन कानुन बमोजिम तथा आपसी छलफलवाट निर्णय लिइनेछ ।

| सुचना नम्वर | काम गर्नु पर्ने स्थान | कैफियत |
|---|---|---|
| ४।२०७४।०७५ | वडा नं. १ देखि वडा नं. ३ सम्मको खहरे खोला नियन्त्रण गर्ने कार्य | |
| ५।२०७४।०७५ | वडा नं. ४ देखि वडा नं. ९ सम्मको खहरे खोला नियन्त्रण गर्ने कार्य | |
| ६।२०७४।०७५ | वडा न. १० देखि वडा नं. ११ सम्मको खहरे खोला नियन्त्रण गर्ने कार्य | |
| ७।२०७४।०७५ | वडा नं. १२ देखि वडा नं. १३ सम्मको खहरे खोला नियन्त्रण गर्ने कार्य | |

भरतचन्द्र अधिकारी
प्रमुख प्रशासकीय अधिकृत